नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

फोन नं.: ४२११८८०, ४२११६५८, ४२११६६८

सिंहदरबार, काठमाडौं, नेपाल।


पत्र संख्या:

चलानी नं.:

मिति : २०८३/०६/२२

## सरुवा सम्बन्धी सूचना !

मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरूको सरुवा, पदस्थापन तथा काजसम्बन्धी व्यवस्थालाई व्यवस्थित, निष्पक्ष, पारदर्शी, वस्तुगत, अनुमानयोग्य तथा विश्वसनीय बनाउन नेपाल सरकार, पूर्वाधार विकास मन्त्रालयले "पूर्वाधार विकास मन्त्रालयको सरुवा मापदण्ड, २०८३" स्वीकृत गरी मन्त्रालयको वेबसाइटमा राखिएको छ। मापदण्ड बमोजिम अवधि पुगेका तथा अन्य कारणले सरुवा हुन इच्छुक यस मन्त्रालय र अन्तर्गत निकायहरूमा कार्यरत कर्मचारीहरूले उल्लेखित मापदण्डको अधीनमा रही देहाय बमोजिम सरुवाका लागि वेबसाइटमा राखिएको फाराम भरी इमेल ठेगाना **saruwa.2083@moid.gov.np** मा पठाउनुहुन अनुरोध गरिन्छ ।

(१) फाराममा सरुवाका लागि माग गर्ने निकाय/कार्यालयहरू छनौट गर्दा सरुवा मापदण्ड बमोजिम सरुवा हुन मिल्ने कम्तीमा ३ देखि बढीमा ५ वटा निकाय मात्र छनौट गर्ने।

(२) राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूले यही असोज २५ गतेभित्र र अन्य तहका कर्मचारीहरूले असोज ३० गतेभित्र फाराम भरिसक्ने।

(३) विभिन्न विभाग वा अन्तर्गत कार्यरत राजपत्राङ्कित तृतीय श्रेणी र सो भन्दा तल्लो तहका कर्मचारीहरूले पुनः सोही विभाग वा अन्तर्गत सरुवा हुन चाहेमा सम्बन्धित विभागमा नै सरुवाको निवेदन दिनुपर्नेछ।

पुनश्च : सरुवाको निवेदन फाराम नभरेको भएता पनि मापदण्ड बमोजिम सरुवाका लागि योग्य देखिएका र सरुवा गर्नुपर्ने अवस्था देखिएका कर्मचारीहरूको आवश्यकता अनुसार सरुवा गरिनेछ। साथै निवेदनमा माग गरेका स्थानहरू मापदण्ड अनुरूप नरहेमा वा माग गरेका स्थानमा सरुवा गर्न नसकिने अवस्था देखिएमा माग गरेको बाहेक अन्यत्र समेत सरुवा गरिनेछ।